大阪府 **第4弾!** 大阪府子ども食費支援事業

# ओसाका प्रिफेक्चरको बालबालिकाको खाद्यखर्च सहायता (चौथो संस्करण) परियोजना आवेदन गाइड

महंगीको प्रभाव लामो समयसम्म जारी रहँदा, खाद्यान्नको मूल्य वृद्धिको कारण घरायसी बजेटको बोझ बढ्दै गएको छ, र विशेषगरि बालबालिका भएका घरपरिवारहरु यसबाट प्रभावित भएका छन्। किनकी बाल बालिका भएको परिवारमा घरायसी बजेटको ठुलो हिस्सा खाद्यान्न खर्च हुन आउँछ। त्यसैले हामी ओसाका प्रिफेक्चरका सबै बालबालिकाहरु लाइ चामल अथवा अन्य खाद्य वस्तुहरु उपलब्ध गराउने छौ।

◆ **आवेदन स्वीकृति अवधि** **२०२५ जुन २ सोमबार, ९:०० बजे बाट २०२५ सेप्टेम्बर १, सोमबार २३:५९ बजे सम्म**

**※यदि हुलाक मार्फत पठाउने हो भने माथि उल्लेखित मितिको पोस्ट मार्क मात्र मान्य हुनेछ।**

◆ **उपलब्ध वस्तुहरुको लागि आवेदन सिमा र 「ओकोमे Pay ओसाका (चामल कुपन )」उपयोगको समय सिमा म्याद**

**२०२५ नोभेम्बर ३०, आइतबार** **※ उल्लेखित मिति भन्दा पछी प्राप्त आवेदन अस्वीकृत हुनेछन।**

## उपलब्ध वस्तहरु

**「A ओकोमे पे ओसाका (ओकोमे कुपन ओसाका )」अथवा**

**「B अन्य खाद्य वस्तुहरु (खाद्य वस्तुहरु चयन गर्ने वेबसाइट बाट चयन गर्नुहोस)」**

※दुबै कर सहित ७००० येन बराबर (ढुवानी सहित ) ※ओकोमे Pay ओसाका (ओकोमे कुपन ओसाका ) सेतो चामल, रातो चामल, अङ्कुरित चामल को लागी मात्र प्रयोग गर्न मिल्छ (चामल बाट बनेका परिकार तथा मिश्रित चामल हरुमा कुपन भने प्रयोग गर्न मिल्दैन।)

## परियोजनाको लाभ लिनका लागि आवश्यक

| | ① १८ वर्ष वा मुनिका बालवालिकाहरु | ② गर्भवती महिला |
|---|---|---|
| परियोजनाको लाभ लिनका लागि आवश्यक | अप्रिल २, २००७ भन्दा पछि जन्मेका बालवालिकाहरु | आवेदनको मिति सम्ममा गर्भवती भएकाहरु<br>आवेदनको मितिमा गर्ववती भएको प्रमाण (बोसी केनकोउ तेच्यो) आवस्यक पर्नेछ। |
| कसले आवेदन प्रक्रिया गर्न? | आवेदन प्रक्रिया आधिकारिक「अभिभावक (※) 」ले गर्नुपर्छ।<br>※「अभिभावक」भनेको को हो ?<br>अभिभावकिय अधिकार भएका व्यक्ति , नाबालिगको अभिवाबक वा संरक्षक तथा हाल बच्चाको संरक्षण गर्ने अधिकार भएको अन्य कुनै व्यक्ति। | आवदेन प्रक्रिया गर्भवती महिला स्वयंले गर्नुपर्छ। |

## आवदेन प्रक्रिया

१. कृपया निम्नलिखित वेबसाइट राम्रो संग जांच गरेर मात्र आवेदन दिनुहोला।
(२०२५ सेप्टेम्बर १ सम्म)

https://osaka-kodomoshien.com

२. ओसाका प्रिफेक्चरले आवेदन सामग्रीहरुको जाँच गर्नेछ।
(यदि आवेदनमा त्रुटि भेटिएमा व्यक्तिगत रुपमा सम्पर्क गरिने छ।)

३. आवेदन जाँच नतिजाको बारेमा दर्ता भएको इमेल मार्फत जानकारी दिइने छ।

४. परियोजनाको लागि अनुमोदित भएकाहरुलाई कसरी उपलब्ध लाभहरूको लागि आवेदन दिने भनेर पुन सुचित गरिनेछ, निर्देशन अनुसार आवेदन गर्नुहोला।
(२०२५ नोभेम्बर ३० सम्म (※) ) **※「ओकोमे Pay ओसाका (ओकोमे कुपन)」 म्याद पनि सोहि दिन सम्म रहनेछ।**

५. **【यदि लाभ वस्तु प्राप्त गर्ने वेबसाइटमा A चयन गर्नुभयो भने】**, चार्ज कोड (अंग्रेजी अक्षर र अंक गरि २० वटा) भएको इमेल प्राप्त गर्नु हुनेछ।
region PAY एप भित्र, 「ओकोमे Pay ओसाका (ओकोमे कुपन ओसाका)」चार्ज गरेर region PAY एप प्रयोग हुने पसलहरुमा प्रयोग गर्न सकिने छ।
**【यदि लाभ वस्तु प्राप्त गर्ने वेबसाइटमा B चयन गर्नुभयो भने】** चयन गर्नु भएको सामानहरु पठाइनेछ।

## पहिचान प्रमाणीकरणको लागी आवस्यक कागजातहरु

**【परियोजनाको लागि योग्य व्यक्ति र आवेदन प्रक्रिया पुरा गर्ने व्यक्ति दुवैको पहिचान प्रमाणीकरण कागजात आवश्यक पर्नेछ।】**

पहिचान प्रमाणीकरण कागजात भनेको सरकारी संस्थाले जारि गरेको कागजात हो। जसमा नामथर, ठेगाना, जन्ममिति उल्लेख गरिएको हुनुपर्नेछ।
(उदाहरण) माइ नम्बर कार्ड (अगाडिको भाग) , ड्राइभिंग लाइसेन्स, जाईर्यु कार्ड, विशेष स्थाई बासिन्दा कार्ड, स्वास्थ्य बिमा कार्ड, कल्याणकारी रसिदको प्रमाणपत्र, बसोवास प्रमाणपत्र (परिवार प्रमुख, नाता उल्लेख भएको तर माई नम्बर उल्लेख नगरिएको बसोवास प्रमाणपत्र। यदि लाभ प्राप्तकर्ता घरको प्रमुख हो र यदि परिवारको प्रमुख अभिवाबकीय अधिकार भएको व्यक्ति होइन भने आवश्यक छ।) आदी
※पहिचान प्रमाणीकरण कागजातहरु संगै यदि पालनपोषण गर्ने अभिवाबक हो भने पालनपोषण गर्ने अभिभावकको प्रमाणपत्र आवश्यक पर्नेछ र गर्भवती भने मातृ तथा बाल स्वास्थ्य पुस्तिका(बोसी केनकोउ तेच्यो)) आवश्यक पर्नेछ।

## आवदेन गर्दा ध्यान दिनुपर्ने कुराहरु

- सामान्य नियम अनुसार आवेदन अनलाइन बाट लिइने छ।
- आवेदन प्रति व्यक्ति एक पटकमा सिमित छ।
- ②गर्भवती अवस्थामा आवदेन दिएर एक पटक लाभ प्राप्त गरिसकेका महिलाबाट जन्मेका बच्चाहरु यो परियोजनाको लागि योग्य हुने छैनन्।
- नियम अनुसार सामानहरु **प्राप्तकर्ताको** ठेगानामा पठाइने छ।
- परियोजनाको लागि अनुमोदित भइसकेपछी लाभ सामाग्रीको लागी यदि आवेदनको अन्तिम मिति सम्म आवेदन नदिएमा, तपाईं को आवेदन अस्वीकार गरिएको मानिने छ।
- यदि परियोजनाको लागि अनुमोदित भइसकेपछी, आवस्यक प्रक्रियाहरु पुरा नभएको प्रमाणित भएको खण्डमा लाभ सेवा रद्द गरिने छ।

## यस परियोजना का बारेमा सम्पर्क जानकारी


**ओसाका प्रिफेक्चर बालबालिका खाद्यखर्च सहायता परियोजना कल सेन्टर**

TEL:0120-479-208

【सम्पर्क समय】 9:00~18:00 (आइतवार र सरकारी बिदा बाहेक) <आवेदन मिति समाप्त भएपछि भने शनिबार आइतवार र सरकारी बिदा बाहेकका दिनहरुमा मात्र>

※यदि तपाइं अनलाइन आवेदन दिन असमर्थ हुनुहुन्छ भने, कृपया कल सेन्टरमा सम्पर्क गर्नुहोला।



यो परियोजनाले अस्थाई क्षेत्रीय पुनरुत्थान अनुदानको प्रयोग गर्दछ, जसले बढ्दो मुल्यको प्रतिक्रियामा प्राथमिक समर्थन प्रदान गर्दछ।